# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल


प.सं.: २०८१/०८२
च.नं.: १७६६

मितिः २०८२/०२/२३

श्री कर्मचारी (सबै)
देवघाट गाउँपालिका, तनहुँ ।

विषयः सेवा प्रवाह सम्बन्धमा ।

प्रस्तुत विषयमा चालु आ.व.२०८१/८२ को अन्तिम दुई महिना ज्येष्ठ र आषाढमा कार्यलयको कार्यचाप बढ्ने, सेवाग्राहीको उल्लेख्य उपस्थिति रहने तथा अनुगमनकारी निकायहरुको समेत सक्रियता बढ्ने भएकाले आजको मितिदेखी चालु आर्थिक वर्ष समाप्त नहुन्जेलसम्मको लागि अत्यावश्यक बाहेक कुनै पनि कर्मचारी विदामा नबस्नुहुन, विदामा बस्नुपरेमा विदामा बस्नुपर्नाको कारणसहित कार्यालय प्रमुखवाट अग्रिम रुपमा विदा स्वीकृत गरेर मात्र विदामा बस्नुहुन, कार्यालय समयमा कार्यालय प्रमुखको आदेश वेगर कार्यालय नछोड्नुहुन, समयमा नै कार्यालय आउने तथा कार्यालय समय समाप्त भए पश्चात मात्र कार्यालय छोड्नुहुन तथा अनिवार्य कार्यालय पोषाकमा मात्र कार्यालय आउनुहुन अनुरोध गरिन्छ, अन्यथा प्रचलित कानून वमोजिम भईजाने व्यहोरा जानकारी गराईन्छ ।

..........................
जगत बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत